# विश्वास भनेको मानिसले परमेश्वरमा भरोसा राख्नु हो । अनुग्रह भनेको परमेश्वरले मानिसमा भरोसा राख्नु हो

जीवन भनेको एउटा साझेदारिता, एउटा दोबाटो, एउटा स्वास्थ्य र उत्पादनशील सम्बन्ध बनाउने लेन-देन हो । यो साझेदारी बिना जसो कि हामीलाई थाहा छ, जीवन निरन्तर अघि बढ्न सक्दैन । परमेश्वर सर्वशक्तिमान अनि कसै प्रति जवाफदेही नहुनु भएतापनि, उहाँ आफैले उहाँको इच्छा पूरा गर्न मानवसित साझेदारी गर्नका लागि रोज्नुभयो । कुनै पनि सम्बन्धको शक्ति र स्वास्थ्य प्रत्येक व्यक्तिले निस्वार्थरुपमा गर्ने आ-आफ्नो भूमिकामा निर्भर हुन्छ ।

अरु केही विश्वास भन्दा फरक, परमेश्वरसितको तपाईको सम्बन्ध, यो सबै तपाईको बारेमा मात्र होइन । विश्वास भनेको यसले तपाईको संसारलाई परिवर्तन गर्ने भनी आशाका साथ परमेश्वरलाई दिईने कुरा हो । अनुग्रह चाहिँ उहाँको संसार परिवर्तन हुनेछ भन्ने आशाका साथ तपाईलाई परमेश्वरले दिनुभएको कुरा हो । परमेश्वर तपाईको आशा हुनुहुन्छ...तपाई उहाँको हो । त्यसैले, तपाईको विश्वास र भरोसा परमेश्वरमा राख्नुहोस् र त्यसको सट्टामा, परमेश्वरले पनि उहाँको विश्वास र भरोसा तपाईमाथि राख्नुहुनेछ । तपाईको आफ्नो होइन, तर परमेश्वरको राज्यको फाईदाको लागि प्रयोग गर्नुहोस् ।

## आजको प्रार्थना

परमेश्वर, मलाई यो महशुस गर्नदिनुहोस् कि हाम्रो सम्बन्ध एउटा दोबाटो जस्तो हो र हामीलाई आवश्यक पर्ने सहायताको लागि हामी एकअर्कामा निर्भर छौं । मलाई थाहा छ कि मेरो भविष्यको लागि म तपाईमा भरोसा राख्न सक्दछु र तपाईको योजना मलाई सुम्पनको लागि म तपाईसित प्रार्थना गर्दछु । तपाईको अनुग्रहमा, म असफल हुने छैन ।

## आजको बाईबल खण्ड

कलस्सी १:२७ यस रहस्यको महिमामय सम्पत्ति अन्यजातिहरुमा कति महान् छ, त्यो कुरा आफ्ना सन्तहरुलाई प्रकट गर्न परमेश्वरले चुन्नुभयो । योरहस्य ख्रीष्ट तिमीहरुमा हुनु हो, जो महिमाको आशा हो ।

एफिसी २:८ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहले उद्धार पाएका छौ–र यो तिमीहरु आफैबाट होइन, यो त परमेश्वरको वरदान हो ।

रोमी ५:२ उहाँद्वारा प्रवेश पाएका छौं । यस अनुग्रहमा हामी खड़ा छौ, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं ।

# प्रश्नहरु जीवनको एक समयबाट अर्को समयमा लाग्दा परिवर्तन हुनसक्छ। यद्दपि, उत्तर भने सदा एउटै हुन्छ

हामी जीवनमा वृद्धि हुँदै गर्दा प्रायः एक समयकालबाट अर्को समयकालमा परिवर्तएन हुन्छौं । प्राथमिक विधालयबाट निम्न मध्यामिकमा, उच्च माध्यामिकबाट कलेजमा वा नोकरीमा, नानी हुकाउर्ने समयदेखि अवकाससम्म, जीवनमा समयहरु आउँछन् र जान्छन् । जीवनको प्रत्येक नयाँ अवस्थासित हामीले धेरै नयाँ प्रश्नहरुको सामना गर्नुपर्ला, ती कुराहरुका पनि जुन हामीले अघि कहिल्यै सामना गरेका थिएनौं ।

प्रश्नहरु जीवनको एउटा समयबाट अर्को समयमा लाग्दा परिवर्तन हुनसक्ने भएतापनि, उत्तर भने एउटै रहन्छ । जीवनभरि नै तपाईको अगुवाईकर्ता परमेश्वरको वचन, परमेश्वरको इच्छा र उहाँको मार्ग त्यही एउटा मात्र रहन्छ । इमान्दारिता, चरित्र, दीनता, धर्यता, प्रेम, क्षमादन, आत्मा-संयम र विश्वास तपाईको जीवनकाल भरिको स्थिरता र त्यसको प्रमाण हुनेछ । परमेश्वरको वचबाटको साधारण उत्तरहरुमा टाँसिनुहोस् ।

## आजको प्रार्थना

प्रभु म प्रण गर्दछु कि तपाईको वचनलाई मेरो नजिकमा राखी हृदयमा लुकाउनुहुनेछ ताकि म तपाईको इच्छाबाट नभड्कन सकूँ । यसलाई मेरो सदाको भक्ति र आनन्द बनाउनेछु । मेरो जीवनको समयकालमा मलाई अगुवाई गर्नुहोस् र प्रत्येक नयाँ दिनमा मलाई तपाईको शान्ति दिनुहोस् ।

## आजको बाईबल खण्ड

हिब्रु १३:८ येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ ।

गलाती ५:२२ तर पवित्र आत्मको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाई, विश्वास्ता...हुन् ।

# एउटा खाली भाँडोमा अति ठूलो क्षमता हुन्छ

२ राजा ४ अध्यायले हामीलाई एउटा ठूलो खाँचोमा परेकी स्त्रीको कथाको बारेमा भन्दछ । उनी अगमवक्ता एलिशा कहाँ आइन् र उनको छेमेकीहरु कहाँबाट खाँली भाँडाहरु सापटी ल्याउनको लागि तिनलाई भनियो । एलिशाले उनीसित भएको सानो अनुपातमा भएको तेललाई आशिष् दिनुहुनेछ अनि ती प्रत्येक खाँली भाडाँहरुलाई भर्नको लागि वृद्धि गराउनुहुनेछ । किन खाँली भाँडाहरु नै ?

सम्भवत भरिका भाँडाहरु तिनीहरु के कुराले भरिका छन् त्यसको आधारमा तिनीहरुको महान दिनमा पहिलेबाट नै पुगिसकेका छन् । अर्ध रुपमा भरिएका भाँडाहरुले परमेश्वर र मानिसद्वारा अभिषिक्त भएर तल वगेको पानीको संकेतिक मिश्रण उत्पादन गर्दछ । खाँली भाँडाहरुले परमेश्वरबाटको अद्‌भूत अभिषेकसित पूर्णरुपमा भरिने ठूलो मौकालाई प्रस्तुत गर्दछ । हाम्रो जीवन परमेश्वरसित उठाईएको एउटा भाँडो हो । धेरै पटक हामी परमेश्वरको होइन तर अरुहरु नै कुराहरुबाट अर्ध रुपमा वा पूर्ण रुपमा भरिएका हुन्छौं, जुनले परमेश्वरले हामीमा खन्याउन चाहानु हुने अभिषेकलाई रोक्दछ वा त्यससित प्रतिस्पर्धा गर्दछ । के तपाई यस संसारको प्रभावहरुलाई खाली गर्न इच्छुक हुनुहुन्छ ताकि तपाई परमेश्वरबाट भरिन सक्नुभएको होस् ? प्रार्थनामा आफैलाई पोख्नुहोस् र तपाईको जीवनमा पवित्रआत्माको ताजा अभिषेकलाई आउन दिनुहोस् ।

## आजको प्रार्थना

पिता, म आफैलाई यस संसारको प्रभावहरुबाट मुक्त पार्दछु र मेरो जीवन भरिदिन हुन तपाईसित प्रार्थना गर्दछु । जब म आफैलाई खाली भएको र तपाईको अभिषेकको आवश्यकता पाउँदछु, म निरास हुनेछैन ।

## आजको बाईबल खण्ड

२ राजाहरु ४:१-७ अगमवक्ताहरुमध्ये एउटाकी पत्नीले एलीशालाई हपारेर भनिन्, “तपाईका दास मेरा पति मर्नुभयो । तपाईलाई थाहै छ कि उहाँले परमप्रभुलाई अति आदर गर्नुहुन्थ्यो । तर अब मेरा दुइ भाइ छोराहरुलाई लगेर कमारा तुल्याउन उहाँका साहूकारा आइरहेछन् । एलीशाले तिनलाई जवाफ दिए, “म तिमीलाई कसरी सहायता गरुँ ? तिम्रो घरमा के छ ? मलाई भन । तिने भनिन्, “हजुरीकी दाससित एउटा भुँडुल्कोमा तेलबाहेक अरु केही पनि छैन ।” एलिशा भने,“ गएर आफ्ना सबै छिमेकीबाट रित्ता भुँडुल्काहरु मागेर ल्याऊ । थोरै मात्र नमाग । त्यसपछि घरमा गएर तिम्रा छोराहरुलाई पनि भित्र राखेर ढोका थुन । भुँडुल्कोको तेल ती सबै भाँडाहरुमा खन्याऊ, र भरिएका भाँडाहरु अलग्गै राख ।’ तिनी एलीशाबाट बिदा भइन्, र आफ्ना छोराहरुलाई भित्र राखेर ढोका लगाइन् । उनीहरुले भुँडुल्काहरु ल्याए र तिनले ती गर्दैगइन् । जब ती सबै भरिसके, तिनले आफ्नो एकजना छोरालाई भनिन्,“अर्को भुँडुल्को ले ।” तर त्यसले जवाफ दियो, “अब एउटै भुँडुल्को पनि छैन ।” तब तेल आउन पनि बन्द भयो । ती विधवान गएर परमेश्वरका जनलाई यो कुरो बताईन् र तिनले भने, “गएर त्यो तेल बेच, र तिम्रो कर्जा तिर । उब्रेकोचाहिँले तिमी र तिम्रा छोराहरुको जीविका चलाउन सक्नेछौ ।”

# जीवन एउटा अवसर हो

कल्पना गर्नुहोस् कि कुनै दिन तपाई नोकरी बिहिन, कार बिहिन वा संभवत घर बिहिन नै हुँदाको अवस्थामा विहान व्युँझनुभयो । यसलाई तपाईको जीवनको उदासमय दिनहरु मध्ये एकको रुपमा लिनसक्नुहुन्छ वा यसलाई जीवनको ठूला अवसहरु मध्ये एक हो भनी लिन सक्नुहुन्छ । यसको बारेमा सोच्नुहोस्...तपाईसित भएको कुरालाई तपाईले गुमाउनु भएको भएतापनि, अहिले तपाईसित तपाईको मनचाही कुराले त्यसको सट्टामा गर्ने अवसर तपाईसित छ । सम्भवतः यसपटक तपाईले यसलाई अझ राम्ररी बनाउन सक्नुहुन्छ, यसलाई केही भिन्न प्रकारले गर्नुहोस् अनि तपाईको वर्तमानमा वा भविष्यमा आवश्यक पर्ने कुराहरुसित उचित कुराहरुका साथ तपाईले यसको अन्त्य गर्न सक्नुहुन्छ । तपाई सधैं आफूले गुमाउनु भएको कुरालाई मात्र रोज्न सक्नुहुन्न तर सधैं तपाईले गुमाउनु भएको कुराको सट्टा अझ राम्रो कुरा त्यसको स्थानमा राख्नलाई काम गर्न रोज्न सक्नुहुन्छ ।

## आजको प्रार्थना

प्रिय प्रभु, मेरो हानिहरुलाई संसधित गर्न र मेरो ग्लानीहरुलाई तपाईको हातमा दिन अनि म भरोसा तपाईमा राख्न मलाई अनुग्रह गरिदिनुहोस् । तपाईको लागि मेरो ठूलो उत्कृष्टता प्राप्त गर्ने एउटा मौकाको रुपमा प्रत्येक दिनलाई हेर्न मलाई बुद्धि दिनुहोस् ।

## आजको बाईबल खण्ड

फिलिप्पी ३:१३-१४ भाइ हो, मैले यी सब पक्रिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा काम गर्दछु कि पछाड़िका कुराहरु बिर्सेर र अगाड़िका कुराहरुतिर जोड़सँग लम्कँदै खीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोड़सँग अघि बढ्दछु ।

यशैया ४३:१८-१९ बितेका कुराहरुलाई भूल, उहिलेका कुराहरुलाई विचार नगर । हेर, म एउटा नयाँ कुरो गर्दैछु ! त्यो अब हुन आउँछ । के तिमीहरु त्यो देख्दैनौ ? म मरुभूमिमा एउटा बाटो र रुखो जमीनमा खोलाहरु बनाउँदैछु ।

# तपाईको अन्तिम क्षणमा पनि तपाईको महान दिन आउँदै छन् भनी तपाई आत्माविश्वासका साथ भन्न सक्नुहुन्छ

बिना कुनै पछुतो मानिस बीच भएको जस्तैसुकै फरकताः संस्कृतिमा, राष्ट्रियतामा, ओहदामा, धनमा, शिक्षामा, जन्मको अवस्थामा, हामी सबैसित एउटा कुरा समान छ, त्यो हो मृत्यु, हामी सबैजना मर्नुपर्छ ।

मृत्युको कारणले गर्दा नै, खीष्टको प्रेम बाँड्दै र त्यसलाई स्वीकार गर्ने वा अस्वीकार गर्ने त्यसको चुनाव गर्न प्रस्तुत गर्दै, हामीले यस संसारमा सुसमाचार फैलाउनु पर्दछ । ती जसले खीष्टलाई इन्कार गर्दछन्, तिनीहरुको मृत्युमा अनन्तको दण्डको भागी हुनेछन् तर विश्वासीहरुको मृत्यु भने अनन्तको शान्ति, आनन्द, आशा र चिर प्रेमको प्रवेशद्वारा हो । स्वर्गमा एउटा खिष्टीयनको अति सुन्दर आशा भनेको यस संसारको जीवनमा जे-सुकै भएतापनि उत्तम कुरा हुन आउँदैछ भन्ने हो । हामीले जीवनको सामना गर्दा हाम्रो महान दिन आउँदछै भन्ने एउटा अनन्तको दृष्टिकोण हुनु आवश्यक छ ।

आजको प्रार्थना

पिता, म अति नै तपाईप्रति धन्यवादी छु कि तपाईले मेरो लागि स्थान तयार पार्दै हुनुहुन्छ । एकदिन म तपाईलाई प्रत्यक्ष देख्नेछु अनि तपाईको प्रेम र तपाईको महिमामय उपस्थितीको अद्‌भूत बुझाईले भरिनेछु । जीवनको सामना गर्दा, एउटा अनन्तको दृष्टिकोण राख्न मलाई सहायता गर्नुहोस्–किनकि जब सबै कुरा भनी सकिनेछ गरीसकिने छ, मेरो महान दिन आउँन अझै बाँकी छ ।

आजको बाईबल खण्ड

१ थेस्लोनिकी ४:१३-१४ तर भाइ हो, सुतिगएकाहरुका विषयमा तिमीहरु अजान बस भन्ने हामी इच्छा गर्दैनौ, र तिमीहरुले आशा नहुने मानिसहरुजस्ता शोक गर्न नपरोस् । किनकि हामी विश्वास गर्छौ, कि येशू मर्नुभयो र फेरी जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरुलाई येशूमा ल्याउनुहुनेछ ।

यूहन्ना १४:१-३ तिमीहरुको हृदय व्याकूल नहोस् । तिमीहरु परमेश्वरमाथि विश्वास गर्दैछौं, ममाथि पनि विश्वास गर । मेरा पिताको घरमा बस्ने ठाउँहरु धेरै छन् । त्यो नभए, के म तिमीहरुलाई भन्नेथिएँ र; कि तिमीहरुका निम्ति ठाउँ तयार पार्न म गइरहेछु ? अनि गएर मैले तिमीहरुका निम्ति ठाउँ तयार पारेपछि म फेरी आउनेछु, र तिमीहरुलाई मकहाँ लैजानेछु र जहाँ म छु, त्यहाँ तिमीहरु पनि हुनेछौं ।

लूका २१:२८ जब यी कुरा हुन थाल्छन् जब खड़ा हाओ र आफ्नो शिर माथि उठाओ, किनभने तिमीहरुको उद्धार नजीकै आइरहेछ ।

# पून:जाँचको लागि ठूलो धैर्यतालाई विकासित गर्नुहोस्

तपाईले सायद सफलता भनेको एककदम भन्दा बढीको प्रक्रिया हो र सफलता ती व्यक्तिहरुका लागि हुन् जसले त्यस प्रक्रियालाई सहन गर्दछ भन्ने भनलाई सुनिसक्नु भएको होला । जीवन भनेको ठीक तरिका पत्ता नलागेसम्म धेरै तरिका जाँच्ने काम हो; जुनले हामीबाट निरन्तर नयाँ खोज पत्ता लगाउन माग गर्दछ, जीवनलाई असफल बनाउने तत्वहरुलाई उखेली फ्याँक्ने माग गर्दछ, अनि पुनः प्रयास गर्नलाई पनि माग गर्दछ ।

हाम्रो ख्रीष्टियन हिँडाई पनि त्यो भन्दा कुनै फरक छैन । विश्वासीको जीवनले पनि माग गर्दछ कि हामी लड्दा, खड़ा भएर, तक्तकाउन अनि पुनः अगाडि बढ्नको लागि । कुनै कुराले काम गरेन भन्नुको अर्थ यस काम गर्न छाड्यो भन्ने होइन । यसको अर्थ यसलाई फेरी काम गर्न हामी त्यसमाथि काम गर्नुपर्छ भन्ने हो । विगतमा तपाईले जुनसुकै विचार वा प्रयत्नलाई पहिलो पटकमा तिनीहरुले काम नगेरेको कारण... यसलाई पुनः प्रयास गर्नु तपाईको लागि आवश्यक छ ।

## आजको प्रार्थना

प्रिय स्वींय पिता, मेरो जीवनमा आत्माको फल, विशेष गरी धैर्यता र आत्म-नियन्त्रणको फल फलाउन मलाई सहायता गर्नुहोस् । मेरो डरलाई साज कस्न र तपाईले भलाई दिनुभएको काम रोक्ने कह्रिल्यै प्रयास नगर्न मलाई सिकाउनुहोस् ।

## आजको बाईबल खण्ड

फिलिप्पी ३:१४ ख्रीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोड़सँग अगि बढ्दछु ।

हितोपदेश २४:१६ किनभने धर्मी मानिस सातै पटक लोटचो भने पनि फेरि उठ्छ, तर दुष्टहरु विपत्तिले ढालिजान्छनत् ।

हबकूक २:३ किनकि प्रकाश ठहरिएको समय पूरा हुनलाई पर्खिरहेछ । त्यसले अन्तको विषयमा बताउँछ र त्यो झुटो ठहरिनेछैन । त्यो पुरा हुन ढीलो भए तापनि त्यसको प्रतिक्षा गर्दैबस्, किनभने त्यो निश्चय नै पुरा हुनेछ, त्यसको ढीलो गर्नेछैन ।

## तपाईको नजीक जसलाई आउन दिनुहुन्छ, त्यसले तपाईलाई सिमित पार्छ

हामीहरु जो कर्तव्यनिष्ठ आमा-बाबुद्वारा हुर्कियौं सानै उमेरमा नै हामीले कसलाई आमासित भेट गराउन ल्याउने र कसलाई नल्याउने भन्ने कुरा सिक्यौं । आमाहरु रेडारको शैलीमा बनाईएको झैं पाईयो जुनद्वारा हामीले संगत गरेकाहरु हाम्रा लागि असल छन् कि छैनन् भन्ने सूचनाको घण्टी दिन्छन् । उनीहरुलाई थाहा छ कि बालक नै भएतापनि, हाम्रो मित्रहरुको संगतको परिधिले हाम्रो भविष्य हानिकार रुपमा प्रभावित हुनसक्दछ र हामी जवान हुँदा पनि त्यस्तै नै रहिरहन्छौं ।

हाम्रो नजिकको मित्रहरु भनेको ती हुनेछन् जसले हाम्रो जीवनमा अधिक प्रभाव पार्दछन् । यी व्यक्तिहरुलाई प्रायः हामी भरोसा गर्दछौं र हाम्रो अति प्रगाद र गहिरो रहस्यहरु अनि सपनाहरु बाँड्दछौं । हाम्रो जीवनमा तिनीहरुलाई नै बढी बोल्न दिँदछौं । हामी तिनीहरुको विचारहरुलाई महत्व दिन्छौं । यसकारणले गर्दा नै यो अति महत्वपूर्ण छ कि हामीले प्रभुबाट सुन्नु पर्दछ र उहाँको सल्लाह अनुसार नजीकका सम्बन्धहरुलाई चुन्नुपर्दछ । के तपाईको नजीककाहरुले तपाईमाथि विश्वास गर्दछन् ? के तिनीहरुले तपाईलाई पानीमाथि हिँड्न प्रोत्साहन दिन्छन् वा तिनीहरुले वरिपरि उठेको आँधीलाई देखाउँछन् ? संभवतः तपाईको दुङ्गामा भएका मानिसहरुले तपाईलाई कसरी प्रभावित पर्दछन् भनी हेर्न तिनीहरुको पुनःमूल्याङ्कन गर्नुपर्दछ होला र त्यही अनुरुप तपाईको सम्बन्धहरुलाई पनि मिलाउनु पर्दछ होला ।

### आजको प्रार्थना

परमेश्वर, मेरो जीवनमा तपाईले दिनुहुने मित्रहरुको सम्बन्धमा आज तपाईसित म प्रार्थना गर्दछु । म तपाईसित माग्दछु कि दर्शन अनि उद्देश्यको विश्वासले भरिएको मानिसहरुले म घेरिएको हुन सकूँ । मलाई यो पनि थाहा छ कि म पनि कसैको नजीकको व्यक्ति हूँ, त्यसैले एउटा असल प्रभाव पार्न र तपाईसितको तिनीहरुको हिँडाईमा अरु नजीक ढेकेल्न मलाई प्रयोग गर्नुहोस् ।

### आजको बाईबल खण्ड

१ कोरिन्थी १५:३३ भ्रममा नपर । खराब सङ्गतले राम्रो चरित्रलाई नष्ट पार्छ ।

प्रेरित ४:२३ छुटकारा पाएर तिनीहरु आफ्ना साथीहरुकहाँ आए, र मुख्य पुजाहारीहरु र धर्म-गुरुहरुले भनेका सबै कुराहरु उनीहरुलाई बताईदिए ।

## तुच्छ व्यवहार गरिदाँ तपाईले कसरी प्रतिक्रिया दिनुहुन्छ त्यही एउटा साँचो दास हुनुको जाँच हो

धेरै मानिसहरु परमेश्वरद्वारा चलाईनका लागि इच्छुक छन् तर हेरकजना प्रयोग हुनको लागि गरिने तयारी गर्न भन्ने तत्पर छैनन् । साथै, प्रायः धेरै जसो सेवकाईको अवसर जुन परमेश्वरले हामीलाई दिनुहुन्छ, त्यसले हामीबाट आफैलाई नम्र पारेको र अरुहरुको लागि एउटा दास भएको माग गर्दछ । येशूले उहाँको चेलाहरुको खुट्टा धुनुभएर हाम्रो लागि एउटा दासको उदाहरण हुनुभयो । यसैले हामीलाई देखाउँछ कि एउटा दास हुनु कसैलाई पनि अति ठूलो हुनु पर्दैन र एक अर्काको सेवा गर्न त्यहाँ कुनै ओहदा हुँदैन । बास्तवमा, यदि तपाई परमेश्वरको राज्यमा ठूलो हुन चाहानुहुन्छ भने, तपाई सबैको सेवक हुनुपर्दछ । त्यसैले, हामीसित नम्रताको आत्मा छ कि छैन र घमण्डको र महत्वतको स्व-आत्माबाट हामी गाँजिएका छौं कि छैनौं भनी कसरी थाहा गर्ने ? तपाईलाई तुच्छ व्यवहार गरिदा कसरी प्रतिक्रिया जनाउनु हुन्छ भन्ने नै साँचो दासको परिक्षा हो । अरुहरुको सेवा गर्न तपाईलाई लगाईदा तपाई कस्तो महशुस गर्नुहुन्छ ? त्यससित उचित वर्ताव गर्नुहोस् ।

### आजको प्रार्थना

पिता, म एउटा दासको हृदय भएको मानिस हुन चाहान्छु । जब तपाईले मलाई प्रयोग गर्नलाई रोज्नुहुन्छ, म तत्पर हुनेछु र गुनासो नपोख्ने दास हुनेछु, यो कुरा थाहा गर्दै कि मैले जे गर्दछु, तपाईको लागि गरेकोजस्तै गरी गर्नेछु ।

### आजको बाईबल खण्ड

मत्ति २३:११ तिमीहरुमध्ये जो सबैभन्दा उच्च छ, त्यो तिमीहरुको सेवक हुनेछ ।

मर्कूस १०:४३-४५ तिमीहरुमा चाहिँ त्यसो हुँदैन । तर तिमीहरुमा जसले ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरुको सेवक हुनुपर्दछ । अनि तिमीहरुमा जसले पहिलो हुने इच्छा गर्दछ, त्यो सबैको दास हुनैपर्दछ । किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो ।

# योग्य-प्रतिउत्तर

संभवत हाम्रो सबै भन्दा ठूलो क्षमता भनेकै हाम्रो उपलब्धता हो, जसविना बाँकी अरु सबै क्षमताहरुका प्रयोग व्यर्थको हुन्छन् । परमेश्वरको वचनले भन्दछ कि यदि हाम्रो भाईलाई आवश्यकतामा परेको हामी देख्दछौं भने र त्यसलाई पुरा गरिदिने कुरा हामीसित छ भने तर, सहायता गर्ने चाहाना हामीसित छैन भने, कसरी परमेश्वरको प्रेम हामीमा वास गर्दछ ? यस वचन खण्डलाई यसरी राखी भन्नुहोस् कि यदि आवश्यकतालाई पुरा गर्ने हामीसित अवसर र क्षमता छ भने, र पनि हामी गर्दैनौं भने तब हाम्रो क्षमता उचित प्रतिक्रियाको कमीको कारण व्यर्थ हुन्छ ।

धेरै मानिसहरुले अधिकारलाई खोजी गरिरहेको अवस्थामा, परमेश्वर चाहिँ ती मानिसको खोजीमा हुनुहुनछ जो जिम्मेवार छन् । जब परमेश्वरले एउटा जिम्मेवार व्यक्तिलाई भेटाउनुहुन्छ, त्यो व्यक्ति जसले आफ्नो क्षमताद्वारा आवश्यकता पूरा गर्दछ, उहाँले तिनीहरुलाई त्यस सुम्पिएको काम पुरा गर्न आवश्यक सबै अधिकारहरु दिनुहुनेछ । ढोकाहरु खोल्नु परमेश्वरको उत्तरदायित्व हो भने ती ढोकाहरुबाट भएर पस्नु मानिसको उत्तरदायित्व हो ।तपाई सक्षम हुँदा नै प्रतिउत्तर दिनुहोस् ।

## आजको प्रार्थना

पिता, जीवनको प्रत्येक चूनौतीहरुलाई सामना गर्न सबल बनाउनु भएकोमा र त्यसबाट भएर अघि बढ्न अनि अरुहरुको पनि आवश्यकताहरु पुर्ति गर्नका लागि मलाई सहायता गर्नुभएको लागि धन्यवाद छ । मभित्र हुनुभएको महान व्यक्तिका भर पर्न म सिक्नेछु र जीवनको हरेक कुरामा योग्य-प्रतिउत्तर दृष्टिकोण विकास गर्नेछु ।

## आजको बाईबल खण्ड

फिलिप्पी ४:१३ जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।

१ कोरिन्थी १०:१३ मानिसलाई आइपर्ने परिक्षाबाहेक तिमीहर अरु परिक्षामा परेका छैनौ । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । उहाँले तिमीहरुलाई तिमीहरुका शक्तिदेखि बाहिरका परिक्षामा पर्न दिनुहुनेछैन, तर परिक्षाको साथसाथै उम्कने बाटो पनि बनाईदिनुहुनेछ–यसरी तिमीहरु त्यसलाई खप्न सक्नेछौ ।

प्रकाश ३:७ अनि फिलोडेल्फियाका मण्डलीका दूतलाई लेख : यी कुरा त्यसले भन्दछ, जो पवित्र छ, जो सत्य छ, जससँग दाऊदको साँचो छ, जसले खोल्छ, कसैले थुन्नेछैन ।

## दैनिकीको आधारमा सफलता आउँछ भन्ने नठान्नुहोस्

जीवनको कुनै पनित दिन अति नै प्रभावित गर्ने अवसरहरुद्वारा वा अति नै निरासित गराउने अवसरहरुद्वारा भरिएको छ । धेरै पटक हामी क्षणिक आवेगको आधारमा निर्णय गर्नलाई लयलयित हुन्छौं । मलाई पत्याउनुहोस्, यो जस्तो सुकै असल वा खरा जे भएपनि, तपाईले यसलाई गोलमाल गर्न सक्नुहुन्छ अथवा तपाईको क्षणसित प्रतिक्रिया जनाउँदा, अझ यसलाई खराब बनाउन सक्नुहुन्छ ।

एउटा क्षणिक अवस्थालाई लिएर अनि एउटा चिर स्थिाई समस्या सिर्जना गर्नबाट रोक्नलाई, हामीले प्रतिक्रिया जनाउने व्यवहारलाई परहेज गर्नुपर्दछ । यसको लागि हामीले परमेश्वरको वचन अनुरुप प्रतिक्रिया जनाउन धिमा हुनुपर्दछ र हाम्रो जीवनलाई प्रशोधन गर्न परमेश्वरलाई समय दिनुपर्दछ । दैनिक जीवनको आधारमा सफलता आउँछ भन्ने नठान्नुहोस् ।

### आजको प्रार्थना

पिता, जीवनलाई मेरो मात्र होइन तर, तपाईको नजरबाट र तपाईको दृष्टिकोणबाट हेर्न मलाई सहायता गर्नुहोस् । जब मेरो हरेक दिनमा घट्ने कुराहरुद्वारा म आश्चर्यचकित हुँदछु, प्रार्थनामा त्यसलाई म तपाईको चरणमा राख्दछु । कसरी प्रतिक्रिया जनाउने भनी मलाई देखाउनुहोस् र मलाई सुरक्षित राख्नुहोस् ।

### आजको बाईबल खण्ड

याकूब १:१९ मेरा प्रिय भाइहरु, यो कुरा जानः प्रत्येक मानिस सुन्नमा छिटो, बोल्नमा ढीलो र रिसाउनमा धीमा हुनुपर्छ ।

उपदेशक ५:२ बोल्नमा हतार नगर, परमेश्वरको अघि केही कुरा बोल्न तिम्रो मनमा आतुरी नगर । परमेश्वर स्वर्गमा हुनुहुन्छ र तिमी संसारमा छौ । यसैकारण तिम्रो वचन थोरै होस् ।

उपदेशक ७:९ मनमा झट्टै नरिसाऊ, किनभने रीस त मूर्खहरुको काखैमा बसेको हुन्छ ।

हितोपदेश १९:११ मानिसको बुद्धिले त्यसलाई धैर्य दिन्छ, चित्त दुखाईका कुराप्रति आँखा चिम्लनु त्यसको लागि महिमा हो ।

कलस्सी ३:१५ खीष्टको शान्तिले तिमीहरुको हृदयमा राज्य गरोस् । साँच्चै, तिमीहरु त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौ । तिमीहरु धन्यवादी होओ ।

## परमेश्वरले त्यो स्थानतिर देखाउनुहुन्न जहाँ उहाँले जुटाउनु पनि हुन्न

पूरानो करारको परमेश्वरको नाउँहरु मध्ये यहोवा याह्वे पनि एउटा हो । सामान्यतया, उहाँलाई एक जुटाउनु हुनेको रुपमा प्रयोजनात्मक व्याख्या गर्दा परमेश्वरको नाउँसित यो सम्बन्धित छ । जेहोस्, यसको वास्तविक अर्थ भने, “परमप्रभुको पहाड़मा जुटाईनेछ” भन्ने हुन्छ । हाम्रो विश्वासको पतिले यसलाई पहिला त परमेश्वरले रोज्नुभएको स्थानमा उहाँले प्रयोजन पनि उपलब्ध गराउनु हुन्छ भनी व्याख्या गरे । अब्राहामको हकमा, परमेश्वरले अब्राहामलाई कुनै एउटा निश्चित पहाड़मा जानलाई भन्नुभयो जहाँ अब्राहामले प्रबन्ध गरिराखेको कुरा भट्टाए । अब्राहामको यात्राको बारेमा जानकारी दिनको लागि मात्र यो कुराहरु लेखिएको होइनन्, तर बरु, हाम्रो जीवनको यात्रामा हामीलाई पनि उत्साहित गर्नको लागि लेखिएको हो । तपाईले पनि, अब्राहामलाई गरिएको जस्तै प्रबन्धलाई भेट्टानुहुनेछ र हरेक कठिन क्षण त्यसले तपाईलाई पर्खिराखेको भेट्टाउनुहुनेछ र त्यो त्यसबेलासम्म पाउनुहुनेछ जबसम्म तपाई परमेश्वरसित यात्रा गर्नुहुन्छ । परमेश्वरले त्यो स्थानतिर देखाउनुहुन्न जहाँ उहाँले जुटाउनु हुन्न । परमप्रभु भरोसा राख्नुहोस् किनकि उहाँ यहोवा याह्वे हुनुहुन्छ ।

### आजको प्रार्थना

हे प्रभु, मलाई तपाईको मार्ग देखाउनुहोस् र तपाईले चाहेको मार्गको मेरो यात्रा बुझ्न मलाई सहायता गर्नुहोस् । मेरो निर्धारित रुटमा मलाई लग्नुहोस र त्यहाँ तपाईको प्रबन्ध मलाई दिनुहोस् । मेरो स्रोतको रुपमा मेरो भरोसा म तपाईमाथि राख्दछु ।

### आजको बाईबल खण्ड

उत्पत्ति २२:१४ यसकारण अब्राहामले त्यस ठाँउको नाउँ “परमप्रभुले जुटाउनुहुन्छ” राखे । “परमप्रभुको डाँड़ामा जुटाइनेछ” भी आजपर्यन्त भनिन्छ ।

रोमी ४:१ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त ?

रोमी ४:२०-२४परमेश्वरको प्रतिज्ञाबारे कुनै शङ्काले उनलाई डगमगाउन सकेन, तर आफ्नो विश्वासमा दह्रिलो भएर उनले परमेश्वरलाई महिमा दिए । प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहामलाई पूरा निश्चय थियो । यसैकारण पनि उनको विश्वास“उनको निम्ति धार्मिकता गनियो ।” धार्मिकता “गनिएको हो” भन्ने यो वचन उनैको खातिर मात्र लेखिएको होइन, तर हाम्रा निम्ति पनि हो । हामीले जसले येशू हाम्रा प्रभुलाई मरकाहरुबाट जीवित पार्नुहुनेमाथि विश्वास गर्छौ, यो हाम्रा निम्नि पनि गनिनेछ ।

# परमेश्वले कहिल्यै पनि मानिसको उहाँसितको सम्बन्धको स्थानमा मानिस मानिसबीचको सम्बन्धले लेओस्

उत्पत्तिको पुस्तकमा परमेश्वरले मानिसलाई उहाँको आफ्नै स्वरुपमा बनाउनुभयो र तिनलाई लगेर एउटा वगैंचामा राखिदिनुभयो । पछिबाट परमेश्वरले गर्नुभएको उहाँका सबै कामहरुको निरिक्षण गर्नुभयो र एउटा कुरामात्र असल नभएको देख्नुभयो । उहाँले भन्नुभयो, “मानिस एक्लो रहन असल छैन ।” त्यसैले परमेश्वरले स्त्री बनाउनुभयो ।

परमेश्वरसितको तपाईको सम्बन्धको स्थान केही कुराले लिन नसकेतापनि, परमेश्वरले कहिल्यै पनि मानिसको उहाँसितको सम्बन्धको स्थानमा मानिस मानिसबीचको सम्बन्धले लेओस् । उहाँलाई मानिसलाई मानिस नै चाहिन्छ भनी पनि थाहा छ । हामीलाई एकअर्का चाहिन्छ । आजै तपाईको जीवनको ती महत्वपूर्ण सम्बन्धहरु.. परमेश्वर र तपाईको प्रियसित दुवैको सम्बन्धमा समय बिताउनुहोस् ।

## आजको प्रार्थना

प्रभु, म तपाईसितको गहिरो सम्बन्ध चाहान्छु । तपाई मेरो जीवनको सबै भन्दा महत्वपूर्ण व्यक्ति हुनुहुन्छ । त्यही बेला, प्रभु, मलाई तपाईले दिनुभएको अरु मानिससितको सम्बन्ध पनि निमार्ण गर्न र त्यसको आनन्द लिन चाहान्छु । मेरो सम्बन्धहरुमा तपाईको प्राथमिकताहरुलाई थाहा गर्न र पछ्याउन मलाई सहायता गर्नुहोस् ।

## आजको बाईबल खण्ड

उत्पत्ति २:१८ फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, “मानिस एक्लो रहन असल छैन । म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु ।”

एफिसी ५:३१ “यसकारण मानिसले आफ्ना बाबु-आमालाई छोड़ेर आफ्नी स्वस्नीसँग मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन् ।’

हितोपदेश १८:२४ धेरै साथीहरु भएको मानिसको पनि सर्वनाश हुन सक्छ, कर कुनै-कुनै मित्रचाहिँ दाज्यू-भाइभन्दा नजीक टाँसिन्छ ।

## परिवर्तन आउँदैछ- यसलाई चाहे मन पराउनुहोस् वा मन पराउनुहोस्, परिवर्तन आउँदैछ

पवित्र धर्मशास्त्रले प्रकाश पार्छ कि जसरी एउटा कुमाले माटोमा काम गर्न समर्पिछ हुँदछ त्यसरी नै परमेश्वर हामीमा निरन्तर काम गर्न समर्पित हुनुहुन्छ । परमेश्वरले हरेक दिनको कामहरुलाई र  जीवनको हरेक परिस्थितीलाई हाम्रो मुक्तिदाता प्रभु, येशू, उहाँको पुत्रको रुपमा हामीलाई ढाल्न सो खपिराख्नुभएको छ ।

परमेश्वरले तपाईको भविष्य निमार्ण गर्दैहुनुहुन्छ र त्यही समय, उहाँले तपाईमा त्यस भविष्यलाई अङ्गाल्न सक्ने ठूलो क्षमतालाई पनि निमार्ण गर्दैहुनुहुन्छ । यही कारणले गर्दा परमेश्वरले सबै कुरा हाम्रो भलाईको लागि हुनलाई आज्ञा गर्नुभयो र जीवनलाई तितो बनाउन होइन तर असल बनाउनले उहाँले जीवनमा दवाबहरु पनि बनाउनुभयो । आफ्नो असल छवीलाई अङ्गाल्नुहोस् र परमेश्वरले तपाईलाई हेर्नुहुने दृष्टिकोणबाट आफैलाई हेर्न सुरु गर्नुहोस् । तपाईको जीवनको लागि उहाँले कल्पना गर्नुभएको सपनालाई तपाईले देख्नुहोस् र तपाईलाई एउटा नयाँ मानिस बनाउन उहाँलाई दिनुहोस् ।

### आजको प्रार्थना

मेरो पिता परमेश्वर, मलाई निमार्ण गर्नुहोस् र मलाई उत्तराधिकार दिनुहोस्... मलाई सुरुमा तपाईले सृजदा देख्नुभएको तपाईको सपनाको मेरो भविष्यमा मलाई लग्नुहोस् । तपाईको हातमा म बनाईन सकिने र सजिलै दोब्रिन सकिने व्यक्ति हुन सहायता गर्नुहोस् । तपाई प्रमुख कुमाले हुनुहोस् र म माटो हुनैमा सन्तुष्ट हुनेछु । तपाईको दृष्टिमा ग्रहण योग्य मलाई बनाउनुहोस् ।

### आजको बाईबल खण्ड

फिलिप्पी ३:१३-१४ भाइ हो, मैले यी सब पकिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा काम गर्दछु, कि पछाड़िका कुराहरु विर्सेर र अगाड़िका कुराहरुतिर जोड़सित लम्कन्छु ।

यशैया ४३:१९ हेर, म एउटा नयाँ कुरो गर्दैछु ! त्यो अब हुन आउँछ । के तिमीहरु त्यो देख्दैनौं ? म मरुभूमिमा एउटा बाटो र रुखो जमीनमा खोलाहरु बनाउँदैछु ।

## परमेश्वरले तपाईको लागि एउटा भविष्य बनाउँदैहुनुहुन्छ र तपाईलाई त्यसलाई त्यस भविष्यको निम्ति

बाईबले यो कुरा प्रकाश गर्दछ कि परमेश्वरले निरन्तर हामीमा काम गरिराख्नुभएको छ, त्यस्तै गरी जसरी एउटा कुरमालेले आफ्नो माटोमा काम गर्दछ । उहाँले प्रत्येक दिनको काम खेपिराख्नुभएको छ र त्यी हरेक परिस्थिती जुनले हामीलाई हाम्रो प्रभु येशू, उहाँको एकलौटे पुत्रको आकारमा हामीलाई ल्याउँदछ ।

परमेश्वरले तपाईको निम्ति एउटा भविष्य तयार पार्दैहुनुहुन्छ भने त्यही समयमा, त्यस भविष्यलाई अङ्गाल्न चाहिने ठूलो क्षमता तपाईमा बनाउँदै पनि हुनुहुन्छ । यसकारणले गर्दा परमेश्वरले सबै कुरा हाम्रो भलाई गर्नका लागि होस् भनी आज्ञा गर्नुभयो र जीवनको दबाबहरु तितोपना ल्याउन नभई हाम्रो भलाई हुनको लागि तयार गर्नुभयो । आफ्नो छवीलाई अङ्गाल्नुहोस् र परमेश्वरको नजरबाट आफैलाई हेर्न सुरुगर्नुहोस् । तपाईको जीवनको लागि उहाँको सपना देख्न थाल्नुहोस् र तपाई एक नयाँ मानिस बनाउन उहाँलाई दिनुहोस् ।

### आजको प्रार्थना

हे पिता परमेश्वर, मलाई निमार्ण गर्नुहोस् र मलाई एउटा उत्ताराधिकार दिनुहोस्... मलाई बनाउनुहुँदाको त्यो पहिलो तपाईको  भविष्यको कल्पनामा मलाई लग्नुहोस् । मलाई तपाईको हातमा निमार्णहुन सक्ने र आकारमा ढल्न सकिने बनाउनुहोस् । तपाईको नजरमा खुशी तुल्याउने मलाई बनाउनुहोस् ।

### आजको बाईबल खण्ड

फिलिप्पी १:६ मलाई यो दृढ़ विश्वास छ, जसले तिमीहरुमा एउटा असल काम सुरु गर्नुभयो, उहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पुरा गर्नुहुनेछ ।

भजनसंग्रह १३८:८ परमप्रभुले मेरो लागि उहाँको अभिप्राय पूरा गर्नुहुनेछ, तपाईको करुणा, हे परमप्रभु, सदाको निम्ति रहिरहन्छ – तपाईंका हातको रचनालाई नत्याग्नुहोस् ।

१ तिमोथी ४:८ किनभने शारीरिक तालीम केहीसम्म लाभको हुन्छ, तर ईश्वरभक्तिचाहिँ हरप्रकारले लाभदायक हुन्छ, किनकि यसमा वर्तमान र भविष्यत् जीवन दुवैको निम्ति प्रतिज्ञा रहेको हुन्छ ।

यशैया ६४:८ परमप्रभु यसो भन्नुहुन्छ, “जसरी दाखको झुप्पामा रस पाएर, मानिसहरुले भन्छन् ‘त्यसलाई नबिगार, किनकि त्यसमा अझै राम्रो रस होला,’ त्यसरी नै म मेरा सेवकहरुको पक्षमा गर्नेछु, म तिनीहरु सबैलाई नष्ट गर्नेछैनँ ।

## सधैं संर्घषबाट टाढा रहनुको सट्टा त्यसलाई व्यवस्थापन गर्न सिक्नुपर्दछ

संघर्ष प्रायः एकताको लागि चाहिने एउटा आवश्यक कदम हो । यो संर्घषमा जहिले पनि आउँछ ताकि हामी असल निर्णयमा आउँछौं र उत्तम मानिएको कुराको सहमतिमा आउँछौं । संघर्षको फाईदा र महत्व नबुझिकन नै जीवनमा यसको निरन्तर सामना गर्न नडराउनुहोस् । हाम्रो शत्रुसित संर्घष गर्ने मात्र होईन तर हामीले हाम्रा मित्रहरुलाई बलियो बनाउनु पर्दछ, हाम्रो सम्बन्धहरुलाई तन्काउनसु पर्दछ, र जीवनको चूनौतिहरुमाथि अहिलेसम्म पत्ता नलगाईएको कुराहरुलाई खोजी गनुपर्दछ । यदि हामीले सबै दवाबहरु, संर्घषहरु, बच्चा जन्माउनेबेलाका कष्टहरुलाई त्याग्ने हो भने हामी कहाँ हुने थियौं होला ? यादराख्नुहोस्, उत्तम कुरा प्रायःगरी तब पत्ता लगाईन्छ जब हामी कठिनाईको बाबजुद पनि सत्यको खोजी गर्दछौं । सबैं संर्घषबाट टाढा रहनुको सट्टा त्यसलाई व्यवस्थापन गर्न सिक्नुपर्दछ ।

### आजको प्रार्थना

पिता, यस जीवनको संघर्षहरुसित नडराईकन सहासिलो भई खड़ा हुन मलाई सहायता गर्नुहोस् । जब तपाईको उद्देश्यको लागि मैले उत्तम कुरा प्राप्त गर्न मैले संघर्ष गर्नुपर्ने हुन्छ तब त्यस क्षण मलाई त्यसको व्यवस्थापन गर्न तपाईको अनुग्रह दिनुहोस् । संघर्षलाई विभाजन ल्याउन नदिनुहोस् तर बरु मलाई प्रयोग गर्नुहोस् ताकि म येशूको नाउँमा बलियो हुन सकूँ ।

### आजको बाईबल खण्ड

हितोपदेश २७:१७ फलामले फलामलाई उध्याजस्तै एउटाले अर्को मानिसलाई उध्याउँछ ।

१ पत्रुस ४:१२  प्रिय हो, तिमीहरुलाई पारख गर्ने अग्निमय परीक्षा तिमीहरुमाथि आइपर्दा केही अनौठो कुरा भएजस्तै तिमीहरु छक्क नपर ।

२ कोरिन्थी ४:१८ हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन् ।

## जीवनमा हाम्रो सबै भन्दा ठूलो आशिषहरुले अरुहरुका लागि एउटा आशिष बन्नका लागि सायद पर्खिरहेका छन्

याकूबको कथा साथ यूसूफ कथा दुवैले जीवनको धार्मिकताको सिद्धान्तलाई प्रतिबिम्बित गर्दछ । यदि यूसूफ, फारोको मूख्य कप ट्काउने व्यक्ति प्रति दया देखाउने र उनको लागि एक आशिषको कारण हुने समय नखर्चेको भए, कहिल्यै भ्यालखानाबाट बाहिर आउने थिएनन् । साथै, याकूबको जीवनमा पनि त्यस्तो एउटा समय आएको थियो जब उनले सबै कुरा गुमाएका थिए । याकूबको कथाको अन्यतिरको अध्यायमा हामी पढ्छौं कि परमेश्वरले याकूबको बन्धन तबमात्र फुकाईदिनुभयो जब उनले आफ्ना मित्रका लागि प्रार्थना गरे ।

परमेश्वर स्वयम पनि उहाँको आफ्नो सत्यको सिद्धान्तबाट बाहिर हुनुहुन्न । हामी देख्न सक्छौं कि जब परमेश्वर उहाँको सृष्टिबाट अलग हुनुभयो, र मानिस नरको भागी भए, परमेश्वरसित उहाँको सबै भन्दा ठूलो इच्छा पुरा गर्ने मात्र एउटा बाटो थियो । त्यो के कुरा थियो जसकारण परमेश्वर यतिसम्म आशिषित हुनभयो ? परमेश्वरले उहाँको सम्बन्ध मानिससित पुनःस्थापना भएको चाहानुभयो । तैपनि, पुनःस्थापनको लागि एउटा बलिदानको आवश्यक थियो । परमेश्वर आशिषित हुनको लागि, पहिला त उहाँले अरुहरुलाई आशिष दिनुपर्ने पर्छ । त्यसैले, परमेश्वरले उहाँको एक मात्र पुत्रलाई पठाउनुभयो र मानवजातिलाई पापको क्षमा दिएर आशिषित गर्नुभयो र त्यसको सट्टामा, परमेश्वरले धेरै सन्तानहरुको आशिष पाउनुभयो । जीवनमा हाम्रो सबै भन्दा ठूलो आशिषहरुले अरुहरुका लागि एउटा आशिष बन्नका लागि सायद पर्खिरहेका छन् ।

### आजको प्रार्थना

प्रिय स्वर्गिय पिता, म प्रार्थना गर्दछु कि तपाईको पवित्रआत्माले मेरो आवश्यकताको अति दयनिय घडीमा अरुहरुपनि आवश्यकतामा छन् भनी मलाई याद दिलाउनुहोस् । मेरो जीवनमा पुनःकेन्द्रित हुन मलाई सहायता गर्नुहोस् ताकि जबै मेरो जीवनमा र काममा तपाईको आशिषलाई म पर्खन्छु, म अरुहरुका लागि एउटा आशिष हुन सकूँ ।

### आजको बाईबल खण्ड

एफिसी ६:८ यो जानेर कि चाहे त्यो कमारा होस्, चाहे फुक्का, जसले असल काम गर्दछ, त्यसले प्रभुबाट सोहीबमोजिम पाउनेछ ।

उत्पत्ति १२:२ म तँबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तँलाई आशिष् दिनेछु । म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिषको मूल हुनेछस् ।

गलाती ६:७ धोखामा नपर, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्तछ त्यसको कटनी पनि गर्नेछ ।

# ती जसले छोड्दैन, टाँसिन पनि सक्दैन

जीवन परिवर्तनका कुराहरुले भरिएका छन्...कुराहरुको सुरुवात हुँदछ र अन्त्य पनि हुँदछ । प्राय जब हामी एउटा गन्तव्यमा पुग्छौं, हामी पाउँछौं कि यो अर्को महान अनुभवको लागि छुट्टिने समय हो । कहिलेकाही परमेश्वरले हामीलाई कुनै खास बाटको अन्तमा पुग्नको लागि पठाउनुहुन्छ जब कि अरु समयमा भने उहाँले बाटो छुट्टिने ठाउँमा पनि पुग्नलाई अगुवाई गर्नुहुन्छ । त्यही दुवै कुराको सम्बन्धमा, परिवर्तनमा सहासी निर्णय र ताजा समर्पणताको आवश्यकता पर्दछ ।

कहिलेकाही जीवनले अर्को कुरा हात हाल्नु अघि नै पहिलेको कुरालाई पूर्ण छाडिदिन आवश्यक हुन्छ । विगतलाई जान दिनु सधैं विगतका मानिसहरुलाई पनि जान दिनु जस्तै हुँदैन । धेरैचोटी यसले विगतलाई विर्सनु भन्नाले, चित्त दुखाईका कुराहरु, निराशाका कुराहरु र असफलताका कुराहरुलाई विर्सने माग गर्दछ । तापनि, त्यहाँ धेरै परिस्थितीहरु हुन्छन् जसले हामीबाट पूर्णरुपमा कुनै व्यक्ति वा समूहबाट परमेश्वरले चाहनुभएका नयाँ दिन पूर्णरुपमा स्वीकार गर्न अघि अलग गराउन माग गर्दछचोटी यसले विगतलाई विर्सनु भन्नाले, चित्त दुखाईका कुराहरु, निराशाका कुराहरु र असफलताका कुराहरुलाई विर्सने माग गर्दछ । तापनि, त्यहाँ धेरै परिस्थितीहरु हुन्छन् जसले हामीबाट पूर्णरुपमा कुनै व्यक्ति वा समूहबाट परमेश्वरले चाहनुभएका नयाँ दिन पूर्णरुपमा स्वीकार गर्न अघि अलग गराउन माग गर्दछ । विरलै छोड्न त सजिलो हुन्छ तर प्राय आवश्यकता अघि नै टाँसिनु संभव हुन्छ ।

## आजको प्रार्थना

प्रभु मैले बुझे कि मैले अरु केही कुरामा रहन कुनै कुरालाई छोड्नुपर्छ । म तपाईलाई अरु कुनै कुरालाई भन्दा वा कसैलाई भन्दा बढी खुशी पार्न चाहान्छु । मेरो सोचाईमा अनि जीवनमा परिवर्तनका लागि आवश्यक परेका कुराहरु बुझ्न दिनुहोस् । म तपाईको ज्ञान-बुद्धिलाई पछ्याउने छु ।

## आजको बाईबल खण्ड

एफिसी ४:२२-२४ छली लालसाहरुद्वरा भ्रष्ट भएका तिमीहरुको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरुको स्वभाव त्याग र आफ्नो भित्री वर्तावमा नयाँ होओ र परमेश्वरको स्वरुपमा साँचो धार्मिकता र पवित्रामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर ।

उत्पत्ति २:२४ यसैकारण मानिसले आफ्ना आमा-बाबुलाई छोड्छ र आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र ती दुईजना एउटै शरीर हुनेछन् ।

मत्ति १९:५ र भन्नुभयो, "यसैकारण मानिसले आफ्ना बाबु र आमालाई छोड़ेर आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र ती दुई जना एउटै शरीर हुनेछन् ।"

## कहिलेकाही हाम्रो जीवनको मौसमले अरुमा परमेश्वरलाई भरोसा गर्न माग गर्छ

उत्पत्ति २२ अध्यायमा अब्राहामलाई उनको छोरा इसाहाक देखाउनु भएको ठाँउमा परमेश्वरलाई बलिदानको रुपमा चढ़ाउन भनिएको थियो । त्यो समयमा इसाहाक ३० - ३५ वर्षका थिए । अब्राहाम इसाहाकलाई लिएर बर्शेवाको उत्तरमा हिँडे जुन अहिलेको पूरानो यरुशलेमको शहर हो । अब्राहामले इसाहाकलाई बलिदानको लागि उनको काँधमा दाउरा बोक्न लगाएर र तिमीहरु परमेश्वरले देखाउनुभएको डाँडामा उक्लिए । घटनामा अब्राहामले इसाहाकलाई दोरीले बाँध्छन्, नयाँ तरिकाको वेदीमा उनलाई राखेर दाउरा माथि उनलाई बलिदान दिन तयार हुन्छन् । हिब्रु ११ले भन्दछ कि अब्राहामले परमेश्वर माथि भरोसा गरे...तर इसाहाकले कसमाथि भरोसा गरे होला ?

इसाहाकले उनको पितासँग प्रश्न गरे र उनको पिताको जवाफ सुने अनि उनको पितालाई उनलाई बाँध्न र बलिदानको लागि तयार हुन दिए । यो सबै कुरामा इसाहाकले परमेश्वरको आवाज सिधैं नसुनेता पनि उहाँलाई अब्राहाममा भरोसा गरे । कहिलेकाही हाम्रो मौसम वा अवस्थाले हामीले परमेश्वरलाई अरुमा जीवनको भरोसा गर्न माग गर्छ ।

### आजको प्रार्थना

स्वर्गिय पिता, मलाई जीवनको त्यस्तो मौसम र परिस्थितीमा परमेश्वरलाई अरुहरुद्वारा भरोसा गर्ने माग पत्ता लगाउन सहायता गर्नुहोस् । तपाईले मलाई पठनउनु भएको अगुवापनलाई स्वीकार गर्ने अनुग्रह दिनुहोस् र तिनीहरुद्वारा तपाईको इच्छा अनुसार तपाईले अगुवाई गर्नुहोस् ।

### आजको बाईबल खण्ड

उत्पत्ति २२: १-७ इसाहाकले आफ्ना पिता अब्राहामलाई भने, “बुबा”, तिनले भने, “के हो छोरा ?” त्यसले भन्यो, “यी आगो र दाउरा त छन् तर होमबलीको थुमाचाहिँ खोइ ? ” अब्राहामले भने, “छोरा, परमेश्वरले नै होमबलिको निम्ति थुमा जुटाईदिनु हुनेछ ।” अनि ती दुबै सँगसँगै गए । परमेश्वरले तिनलाई भन्नुभएको ठाँउमा पुगेपछि अब्राहामले त्यहाँ एउट वेदी बनाएर दाउरा तह लाएर राखे । त्यसपछि तिनले आफ्नो छोरो इसहाकलाई बाँधेर बेदीमा दाउरा माथि राखे ।

हिब्रु ११:१७ विश्वासद्वारा आफ्नो परिक्षा हुँदा अब्राहामले इसाहकलाई बलि चढाए । उनले प्रतिज्ञाहरु पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढाउन उनी तयार भए ।

## सबै समयमा सबैजना परमेश्वरको आवाजबाट प्रभावित हुँदैनन्

हामीले हिजोको आराधनामा छलफल गरे जस्तै अब्राहामले उसको छोरा इसाहकलाई बलिदान चढ़ाउन परमेश्वरबाट सुने...इस्राएलले अब्राहामबाट मात्र सुने । अब्राहामलाई उनको योजना परिवर्तन गरी इसाहाकलाई बलिदान चढाउन भनिएको स्वर्गबाटको आवाज इसाहाकले सुने कि सुनेनन् भनी हामीलाई केही थाहा छैन ।तापनि, धर्मशास्त्रमा त्यस्ता धेरै उदाहरणहरु छन् जसमा सबैजनाले सिधैं परमेश्वरबाट आवाज सुनेर प्रभावित भएका थिए । शमूएलको सम्बन्धमा पनि त्यही भएको थियो जो एउटा ठिटा मात्र थिए र उनको नाम लिएको उनले सुने जबकि बुढ़ा अगमवक्ता एलीले भने केही सुनेनन् । परमेश्वरले इच्छा गर्नुभएको व्यक्तिसँग परमेश्वर बोल्नुहुन्छ र धेरै पटक परमेश्वरको स्वर सुन्नेहरु त्यसद्वारा प्रभावित हुन्छन् । परमेश्वरले जसलाई प्रयोग गर्ने इच्छा गर्नुहुन्छ त्यसलाई छान्न दिनुहोस् र निशन्देह कहिलेकाही तपाई परमेश्वरबाट सुन्नुहुनेछ अनि अरु समयमा भने परमेश्वरबाट रोज्नुभएको व्यक्तिबाट सुन्नु पर्नेहुन्छ ।

### आजको प्रार्थना

स्वर्गिय पिता, तपाईले बोल्नुभएको मैले सुन्दा मलाई तपाईमाथि भरोसा गर्न अनुग्रह गर्नुहोस् र साथै तपाईले मेरो जीवनमा राखिदिनुभएको अगुवाहरुमा पनि तपाईमा भरोसा राख्न सहायता गर्नुहोस् । मलाई थाहा छ कि तपाईले आवाजले तपाई वचनलाई कहिल्यै पनि उल्ङ्घन गर्दैन । हे प्रभु, मलाई तपाईको वचन सिकाउनुहोस् ।

### आजको बाईबल खण्ड

१ शमूएल ३:९-११, १५ उनले शमूएललाई भने, "ढल्कि बस्, र यदि उहाँले फेरि बोलाउनुभयो भने यसो भन्नु' परमप्रभु भन्नुहोस्, तपाईको दास सुन्दैछु ।" तब शमूएल गएर आफ्नो ठाँउमा ढल्किगए । तब परमप्रभु त्यहाँ आएर उभिनुभयो, र अघिजस्तै बोलाउनुभयो,"शमूएल, शमूएल ।" शमूएलले जवाफ दिए, "भन्नुहोस्, तपाईको दास सुन्दैछ ।" अनि परमप्रभुले शमूएललाई भन्नुभयो, "हेर, म इस्राएलमा चाँडै केही गर्नेछु, र त्यसले गर्दा सुन्नेहरु सबैका कान भत्किनेछन् ।"शमूएल बिहानैसम्म सुतिरहे । त्यसपछि तिनले परमप्रभुको भवनका ढोकाहरु खोले । त्यस दर्शनको विषयमा एलीलाई भन्न तिनी डराए ।

## दर्शनको शक्तिलाई कहिल्यै कम नआँक्नुहोस्

धेरै चोटी मानिसहरु तिनीहरु भएर गईरहेको एक क्षणको कारण तिनीहरुको भविष्य प्रतिको दृष्टिकोणलाई गुमाउँदछन् । अन्यौलको बादल र हतासपनको मौसमले हाम्रो भविष्यको आशालाई हामीबाट खोस्ने काम गर्दछ । यी अन्यौलताको समयहरुमा केही कुराले पनि एउटा उत्तम दिनको दर्शन देख्न जीवनमा हामीलाई बलियो बनाउँदैन । हाम्रो जीवनको जेसुकै कठिन चूनौतीको हामीहरु सामना गर्दैछौं वा जीवन कुनै एक समयको बद्लापमा भएर जार्दै छौं, एउटा असल भविष्यको आशा भनेको कठिन समयमा अघि बढ्ने हाम्रो साँचो हो ।

कुनै एक क्षणको कुहिरोले त्यसै क्षणमा तपाईलाई बन्धक बनाउन नदिनुहोस् । त्यसभन्दा परतिर हेर्नुहोस् र परमेश्वरसित भोलीको दिनको एक क्षलक दिनुहोस् भनी प्रार्थना गर्नुहोस् जुन उहाँले तपाईको निम्ति योजना गर्नुभएको थियो । एउटा दर्शनको शक्तिलाई कहिल्यै कम नआँक्नुहोस् । यसले तपाईको हर्षलाई पुनःस्थापित गदिदिनेछ, तपाईलाई शक्ति दिनेछ, र जीवनको घाँटीहरुबाट हिँड्न तपाईलाई अगुवाई गर्नेछ । कहिल्यै नबिर्सनुहोस्, तपाईको असल दिन आउँन बाँकी नै छ ।

### आजको प्रार्थना

हे परमेश्वर तपाईले मेरो भविष्यका लागि के योजना गर्नुभएको सोको एक क्षलकको मलाई आवश्यकता छ । मेरो सपनामा आउनुहोस् र दर्शनहरु र सपनाहरुमा मसित बोल्नुहोस् । मलाई बलियो बनाउनुहोस् र जसै तपाईको पवित्रआत्माद्वारा मलाई मेरो असल दिनतिर अगुवाई गर्नुहुन्छ, मलाई आनन्द दिनुहोस् ।

### आजको बाईबल खण्ड

भजनसग्रह १२६:१ जब परमप्रभुले सियोनका निर्वासितहरुलाई फर्काएर ल्याउनुभयो, तब हामी सपना देख्नेहरुजस्ता थियौं ।

अयूब ३३:१४-१६ निश्चय, परमेश्वर धेरै प्रकारले बोल्नुहुन्छ, यद्दपि मानिसले त्यो सुन्न सक्दैन । सपनाहरुमा, रातका दर्शनहरुमा, जब मानिसहरु मस्त निद्रामा परेका हुन्छन्, जब तिनीहरु आफ्ना ओछ्यानमा सुतेका हुन्छन्, तब परमेश्वर तिनीहरुको कानमा बोल्नुहोला, र उहाँको शिक्षाले तिनीहरुलाई भयभित पार्नुहुनेछ ।

प्रेरित २:१७ आखिरी दिनहरुमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरुमाथि मेरो आत्मा खन्याइदिनेछु, र तिमीहरुका छोराहरु, र तिमीहरुका छोरीहरुले अगमवाणी बोल्नेछन्, र तिमीहरुका युवकहरुले दर्शन देख्नेछन्, र तिमीहरुका बुढापाकाहरु स्वप्तदर्शी हुनेछन् ।

हितोपदेश २९:१८ जहाँदर्शन-प्रकाश छैन, त्यहाँ मानिसहरु भाँडिन्छन् । तर त्यो मानिस धन्य हो, जसले व्यवस्था पालन गर्छ ।

## परमेश्वर भनेको "मलाई विश्वास गर्, पारख गर्, र प्रमाणित गर्" भन्ने परमेश्वर हुनुहुन्छ

परमेश्वर शक्तिशाली मात्र हुनुहुन्छ, तर परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ । परमेश्वरको परिक्षा गर्न सकिदैन न त हाम्रा प्रश्नको उत्तर दिन नै बाध्य गर्न सकिन्छ । तापनि उहाँले आफ्नो सन्तानको निम्ति आफूलाई प्रमाणित गर्नका लागि अवसर दिनुभएको छ ताकि हामी उहाँको वचनमा अति धेरै आत्मविश्वास प्राप्त गर्न सकौं र उहाँप्रतिको हाम्रो विश्वासमा वृद्धि हुनसकौं । परमेश्वरको सर्वभौम ईच्छाद्वारा उहाँले घोषणा गर्नुभएको छ कि हामीले उहाँलाई पारख गर्नसक्छौं अनि थाहा गर्न सक्छौं कि उहाँले आफ्नो वचन हाम्रो लागि पुरा गर्नुहुन्छ कि हुँदैन ।

मलाकीको पुस्तकमा हाम्रो दशांस र भेटीहरुको बारेमा भनिएको छ । आजै निर्णय गर्नुहोस् कि तपाई परमेश्वरमा भरोसा गर्न, उहाँलाई पारख गर्न जाँदैहुनुहुन्छ र उहाँको विश्वासयोग्यता प्रमाणित गर्न उहाँलाई तपाईले मौका दिनुहुन्छ । यो तब सुरु हुन्छ जब तपाईको जीवनको अवस्थाहरुमा उहाँको वचन तपाईले लागू गर्नुहुन्छ । आजै उहाँलाई पारख गर्नुहोस् ।

### आजको प्रार्थना

प्रभु, तपाई मात्र एक परमेश्वर हुनुहुन्छ र तपाई बाहेर त्यहाँ अरु कोही परमेश्वर छैन । मलाई माया र वास्ता गर्नुभएको निम्ति तपाईलाई धन्यवाद छ । सबै कुरामा तपाईको वचनद्वारा तपाईमाथि भरोसा गर्नेछु । मैले के गर्नुपर्छ भनी तपाई चाहानुहुन्छ सो मलाई देखाउनुहोस् र म त्यो गर्नेछु । जसै मेरो विश्वास वृद्धि हुन्छ, ती गवाहीहरु अरुहरुलाई बाँड्नको निम्ति मलाई सिकाउनुहोस् ।

### आजको बाईबल खण्ड

मलाकी ३:१०"सम्पूर्ण दशमांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस् । यसमा मलाई जाँचेर हेर," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "म स्वर्गमा ढोकाहरु उघारेर पर्याप्त ठाँउ पनि नहुनेसम्मका आशिष् तिमीहरुमाथि बर्साउँछु वा बर्साउँदिन," सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ ।

भजनसंग्रह ९:१० तपाईको नाउँ जान्नेहरु जतिले आफ्नो भरोसा तपाईंमा राख्छन्, किनकि हे परमप्रभु, तपाईको खोजी गर्नेहरुलाई तपाईले त्याग्नुभएको छैन ।

भजनसंग्रह ५६:११ परमेश्वरमा, भरोसा गर्दछु, म डराउनेछैनँ । मानिसले मलाई के गर्न सक्छ र ?

## यदि परमेश्वर तपाईको दिनमा नम्बर एक हुनुहुन्छ भने, तपाईको जीवनमा पनि उहाँ नम्बर एक हुनुहुन्न

जीवन व्यस्त छ र दिनहरु कामहरुले भरिएका छन् जुनले हाम्रो समय लिन्छ । दिनहरु बित्छन् र हप्ताहरुआउँछन् र महिनाहरुपनि जुनमा हामीले ध्यान नै दिएका हुँदैनौं । प्रायः पाछाडितिर गएर बस्न, जीवनको साधारण र अर्थपूर्ण कुराहरुको आनन्द लिन अति थोरै समय भएको जस्तो त्यहाँ देखिन्छ ।

यदि हामी सचेत छैनौं भने, परमेश्वरसितको हाम्रो सम्बन्ध ती कुराहरु मध्ये एक हुन्छ जसले चोट खानुपर्ने हुन्छ । उहाँलाई पर राख्नु, हाम्रो प्रार्थनामा लापरवाह हुने बानी बसाल्न र परमेश्वरको वचनको अध्ययनलाई महत्व दिनको सट्टामा हाम्रो दिनको कामलाई प्राथमिकता दिन अति नै सजिलो छ । तैपनि, यदि परमेश्वर तपाईको दिनमा नम्बर एक हुनुहुन्छ भने, तपाईको जीवनमा पनि उहाँ नम्बर एक हुनुहुन्न । अहिले नै बद्लाप ल्याउनुहोस् । हरेक दिन परमेश्वरसित सुरु गर्न समर्पित हुनुहोस् ।

### आजको प्रार्थना

पिता, मेरो प्रत्येक दिनमा तपाईलाई महत्वपूर्ण समय नदिदाँ मलाई क्षमा दिनुहोस् । हरेक बिहान तपाईसित समय विताउन मलाई याद दिलाउनुहोस् । तपाईसँगै तपाईको वचनमा पौडदा, तपाईको राज्यको धन मेरो लागि खोलिदिनुहोस् । हे परमेश्वर, मेरो प्रार्थना सुन्नुहोस्, म तपाईलाई प्रेम गर्दछु ।

### आजको बाईबल खण्ड

उत्पत्ति १९:२७ अब्राहाम सबेरै उठेर तिनी परमप्रभुको सामु उभिएको ठाउँमा गए ।

मर्कूस १:३५ बिहान उज्यालो हुनुभन्दा धेरै अघि उठेर उहाँ बाहिर एकान्त ठाउँमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नुभयो ।

हितोपदेश ८:१७ मलाई प्रेम गर्नेहरुलाई म प्रेम गर्छु मलाई खोज्नेहरुले मलाई भेट्टाउँछन् ।

# समाधन प्राय एउटा कठिन निर्णयको मात्र दुरीमा छ

मैले यसो भनेको सुनेको छु कि यदि पैंसाले यसलाई ठीक गर्न सक्दछ भने, यदि समयले यसलाई ठीक गर्न सक्दछ भने, वा यदि एउटा कठिन निर्णयले मात्र सक्दछ भने, यो कुनै समस्या होइन तर बरु एउटा मौका हो । जेहोस्, त्यहाँ केही अवस्थाहरु छन् जुन एउटा कठिन निर्णयले मात्र आराम दिलाउनु सक्दछ । जब परमेश्वर मानवजातिसितको अनन्तको विछोडलाई खेप्दा पनि त्यही अवस्था परमेश्वरको थियो । कुनै पनि पैसाको र समयको परिणामले र यसलाई ठीक गर्नसक्दैन थियो र विना उपाय यो अति गम्भिर हुँदै जान्थ्यो । परमेश्वरको समस्याको एउटै मात्र उत्तर भनेको उहाँको पुत्रलाई एउटा बालकको रुपमा बेथलेमको गोठमा ईन्कार गरिन, उहाँले नगर्नुभएको सबै पापहरुको निम्ति, दुःख भोग्न र क्रुसमा मर्ने उद्देश्यको साथ पठाउनु थियो । यो एउटा कठिन निर्णय थियो तर त्यहाँ कुनै अरु समाधनको उपाय थिएन र त्यो निर्णय अरु कसैले गर्न सक्ने नभएर तर परमेश्वरले मात्र गर्न सक्नुहुन्थ्यो । त्यस प्रकारको बलिदानको कहिलै आवश्यकता नभएको भएता, हामीले त्यस्तो अवस्थाहरुको सामना गर्नुपर्थ्यो जुन हामीले कठिन निर्णय नगरि कहिल्यै समाधन गर्न सक्दैनथ्यौं । सत्यको सामना गर्नुहोस् ! समाधन प्रायः एउटा कठिन निर्णयको मात्र दुरीमा छ ...र तपाई मात्र एक व्यक्ति हुनसक्नुहुन्छ जसले यसलाई ठीक गर्न सक्दछ ।

## आजको प्रार्थना

प्रिय प्रभु, मेरो जिम्मेवारीलाई गम्भिरतापूर्वक लिन र मैले मात्र ठीक गर्न सक्ने त्यहाँ केही कुराहरु छन् भनी महशुस गर्न मलाई सहायता गर्नुहोस् । कठिन भएता पनि त्यसको सामना गर्न र निर्णय गर्न मलाई सहायता गर्नुहोस् ।

## आजको बाईबल खण्ड

यशैया ५३:३-५ ऊ मानिसहरुबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित । ऊ त्योजस्तो थियो, जसलाई देखेर मानिसहरु आफ्ना मुख फर्काउँछन् । ऊ घृणित थियो, र हामीले उसलाई केही मोलको गनेनौं । निश्चय नै उसले हाम्रा निर्बलताहरु बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं । तर ऊ त हाम्रा अपराधहरुका निम्ति छेड़ियो । हाम्रा अर्धमका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो र उसको कोर्राकोचोटले हामी निको भयौं ।

व्यवस्था ३०:१९ आज म स्वर्ग र पृथ्वीलाई तिमीहरुका विरुद्धमा साक्षी राख्तछु, कि मैले तिमीहरुका अगि जीवन र मृत्यु, आशिष् र श्राप राखेको छु । अब जीवन नै रोज, ताकि तिमीहरु र तिमीहरुका बालबच्चाहरु जिउन सक ।

# परमेश्वरले मानिसलाई मानिसद्वारा नै दिनुहुन्छ

खीष्टमसको आउनु एक रात अघि परमेश्वरले मानिसजातिको लागि उहाँको सबै भन्दा ठूलो उपहार...मुक्तिको उपहार दिनको लागि तयारी गरिसक्नुभएको थियो । परमेश्वरले उहाँको सबै भन्दा ठूलो उपहार दिन कसरी इच्छा गर्नुभयो ? उहाँले नासरतको येशूद्वारा मानिसजातिमा मुक्ति ल्याउनलाई रोज्नुभयो । प्राय जब परमेश्वरले काम पुरा गर्न चाहानुहुन्छ एउटा बालकको जन्म हुन्छ । किन ? किनभने परमेश्वरले मानिस*लाई* मानिस*द्वारा* दिन नै परमेश्वरले रोज्नुभएको छ । येशू, परमेश्वरको पुत्र हुनुभएको भएतापनि, उहाँ मानिसको पनि पुत्र हुनुहुन्थ्यो र उहाँको मानवताबाट नै येशूले मोल चूक्ता गर्नुभयो र परमेश्वरको उपहारलाई दिनुभयो ।

यो सिद्धान्त पवित्र धर्मशास्त्र र जीवनमा निरन्तरतामा छ । यदि परमेश्वरले तपाईलाई आशिष दिने इच्छा गर्नुहुन्छ भने उहाँले प्राय गरी त्यो आशिष एउटा अर्को व्यक्ति मार्फ्त पठाउनलाई रोज्नुहुन्छ । तपाईलाई थाहै छ, परमेश्वरले विरलै मात्र त्यो कुरा दिनुहुन्छ जुन तपाईबाट उहाँले दिन सक्नुहुन्न । परमेश्वरले आजै अरुहरु आशिषित् भएको चाहानुहुन्छ.. के उहाँले तपाईमाथि भरोसा गर्नसक्नुहुन्छ ? यदि परमेश्वरले तपाईलाई आशिष दिनुभयो भने, के तपाईले अरुहरुलाई आशिष दिनुहुन्छ ? परमेश्वरलाई यो थाहा गर्न दिनुहोस् कि आजै आवश्यकतामा परेको अर्को व्यक्तिलाई परमेश्वरको उपहार दिन तपाई तयार अवस्थामा हुनुहुन्छ ।

## आजको प्रार्थना

परमेश्वर, तपाईको पुत्र येशूको लागि र उहाँल ल्याउनुभएको मुक्तिको उपहारको निम्ति तपाईलाई धन्यवाद छ । हे परमेश्वर, मलाई आवश्यकतामा परेकाका लागि तपाईको आशिषहरु दिनका लागि प्रयोग गर्नुहोस् । मलाई आशिष दिनुहोस् र मलाई एउटा आशिषको कारण बनाउनुहोस् । येशूको नाउँमा मलाई दिनुहोस् र मद्वारा दिनुहोस् । आमेन ।

## आजको बाईबल खण्ड

लूका ६:३८ देओ, र तिमीहरुलाई पनि दिइनेछ । मानिसहरुले प्रशस्त परिणामा खाँदी - खाँदी बेसरी हल्लाएर, पोखिने गरी तिमीहरुको पोल्टामा राखिदिनेछन् । किनकि जुन नापले तिमीहरु दिन्छौ, त्यही नापमा तिमीहरुले पनि फिर्ता पाउनेछौ ।

उत्पत्ति १२:२ म तँबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तँलाई आशिष् दिनेछु । म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिषको मूल हुनेछस् ।

लूका १९:८ जखायसले खड़ा भएर प्रभुलाई भने, “प्रभु, हेर्नुहोस्, म आफ्ना सम्पत्तिको आधा भाग गरीबहरुलाई दिन्छु, र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने म त्यसको चार गुणा फिर्ता गरिदिनेछु ।”

# तपाईको लागि परमेश्वरको इच्छा असल छ

आज, धेरै खीष्टियनहरु हाम्रा प्रभु येशू, यहूदीको मसिही र संसारको मुक्तिदाताको जन्म दिनलाई मनाउँदछन् । येशूको जन्मको रात्री स्वर्गदूतहरु बेथलेमको मैदानमा भएका गोठालाहरु कहाँ संसारका हराएकाहरु निम्ति र चोट लागेका निम्ति परमेश्वरको इच्छा घोषणा गर्दै देखापरें । सबै भन्दा बढी त्यस अद्भूत रात्री स्वर्गदूतहरुले मानिसका लागि ल्याएका प्रकाश थियो । स्वर्गदूतहरुले गाए, " पृथ्वीमा शान्ति र मानिसका लागि भलाई ।"

परमेश्वरले तपाईको निम्ति के राखिदिनुभएको छ र कुन बाटोमा तपाईलाई अगुवाई गर्न रोज्नुभएको सो तपाईलाई भन्न नसकेतापनि, म निश्चियतापूर्वक घोषण गर्दछ कि तपाईको लागि परमेश्वरको इच्छा असल छ । उहाँले मानिसको निम्ति कुनै रिस, कुविचार र दुर्भावना राख्नुभएको छैन । येशू, उहाँको पुत्र, बेथेलममा कन्या मरियमद्वारा जन्मिनुभएको संसारलाई संकेत दिनुभयो कि परमेश्वको हामी प्रतिको एक मात्र उद्देश्य भनेका हाम्रो भलाई हो । तपाईको जीवनमा येशूलाई मुक्तिदाता र प्रभु भनी दुवैको रुपमा स्वीकार गर्दै परमेश्वरको तपाईको जीवनको निम्ति उहाँको योजना र उहाँको भलाईपनको लागि भरोसा राख्नुहोस् ।

## आजको प्रार्थना

प्रिय स्वर्गिय पिता, आज म संसारमा तपाईको पुत्र येशलाई पठाउनुभएको निम्ति म तपाईलाई धन्यवाद दिँदछु । म विश्वास गर्दछु कि उहाँ कन्या मरियमद्वारा जन्मनुभएको हो, उहाँले पापरहित जीवन जिउँनुभयो र प्राश्चितको लागि मर्नुभयो । स्वर्गदूतहरुले जे घोषणा गरे त्यसमा म विश्वास गर्दछु र यो असल समाचार अरुहरुलाई भन्नका लागि म आफैलाई समर्पित गर्दछु ।

## आजको बाईबल खण्ड

लूका २:१०-१४ तब स्वर्गदूतले तिनीहरुलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरुलाई बड़ो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरुका निम्ति हुनेछ । आज दाऊदको सहरमा तिमीहरुका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो खीष्ट प्रभु हुनुहुन्छ । तिमीहरुलाई चिन्हचाहिँ यो हुन्छः तिमीहरुले एउटा बालकलाई लुगाले बेह्रेको र डूँड़मा सुताइराखेको भेट्टाउनेछौ ।" तब एक्कासि ती स्वर्गदूतसँग स्वर्गिय सेनाको एउटा दल देखा पऱ्यो । परमेश्वरको स्तुति गर्दै, तिनीहरुले भने, "सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा जुन मानिससँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरुलाई शान्ति !"

# पापबाट क्षमा पाउनु पाप गर्नलाई दिईएको लाइसन्स होईन

येशू, परमेश्वरको पुत्र, यहूदीहरुको मसिही र संसारको मुक्तिदाता बेथलेममा कन्याद्वारा जन्मनुभएको थियो, पापरहितको जीवन जिउँनुभएको थियो, र प्राश्चितको लागि मर्नुभएको थियो । उहाँको कलभरीको बलिदानले मानवजातिको पापको दण्ड सधैंको निम्ति तिऱ्यो । येशू हाम्रो आत्मालाई अनन्तको नरकबाट र यस जीवनको नरकपनाबाट बचाउनको निम्ति मर्नुभयो । उहाँले हाम्रो आत्मालाई शासन गर्ने पापको शक्तिबाट छुट्कारा हामीलाई दिनुभयो र क्षणिक हाम्रो जीवनलाईं अधिन गर्ने पापको शक्तिबाट पनि छुट्कारा दिनुभयो । येशूको रगतद्वाराको परमेश्वरको क्षमा, एक चोटीमा नै पूर्ण छ । उहाँले क्षमा दिनुभएको पापलाई सम्झनुहुन्न; अनि तीलाई आफ्नो पछिल्लोतिर राख्नुहुन्छ; विर्साईको महासागरमा खसाल्नुहुन्छ; र तीहरुलाई जसरी उत्तर दिशादेखि पूर्व दिशा टाढो छ त्यति नै टाढा गरिदिनुहुन्छ । पिता परमेश्वरले हामी सबैको अपराधहरुलाई येशू, उहाँको पुत्रमा हालिदिनुभयो र हामीले क्षमा पाएका छौं । तरपनि, पापबाट क्षमा पाउनु पाप गर्नलाई दिईएको लाइसन्स भने होईन ।

## आजको प्रार्थना

पिता, सबै मानिसले पाप गरेका छन् र तपाईको अनुग्रहबाट टाढा छन् र पापको ज्याला मृत्यु हो तर तपाईको सबै भन्दा ठूलो उपहार भनेको येशू ख्रीष्ट हाम्रो प्रभुद्वाराको अनन्तको जीवन हो । मेरो पाप क्षमा गरिदिनुहोस्, अर्धमहरुबाट मलाई शुद्ध गर्नुहोस्, र यसको शासनबाट मलाई स्वतन्त्र गर्नुहोस् ।

## आजको बाईबल खण्ड

रोमी ६:१४ किनकि पापले तिमीहरुमाथि राज्य गर्नेछैन, किनकि तिमीहरु व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ ।

रोमी १०:१३ किनकि “प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ ।”

यशैया ५३:६ हामी भेड़ाझैं बरालिएका छौं । हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अर्धम हालिदिनुभएको छ ।

भजनसंग्रह २५:११ हे परमप्रभु, तपाईका नाउँको खातिर मेरो अपराध क्षमा गर्नुहोस्, यद्दपि मेरो अपराध अति ठूलो छ ।

यशैया ५५:७ दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ तयो फर्कोस्, र उहाँले त्यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ ।

## कुनै कुरा प्राप्त गर्नलाई तपाईले जे गर्नुभयो साधारणतया त्यसलाई राख्न तपाईले गर्नु पर्ने कुरा हो

जब यूहन्नाले प्रकाशको पुस्तक लेखें, येशूले एफिसीमा भएको मण्डलीको बारेमा उनलाई बताउनुभयो । यो मेहेनत गर्ने, उत्पादनशिल, धर्यै भएको, खराबीलाई घृणा गर्ने र सिद्धान्त(विश्वासलाई) जोर्गेना गर्ने एउटा असल मण्डली थियो । यी सबै तिनीहरुले येशू र उहाँको नाउँको खातिर नथाकिन गरिरहे । यद्दपि, येशूसित तिनीहरुको बारेमा एउटा कुरा भन्नुथियोः तिनीहरुले आफ्नो पहिलो प्रेमलाई बिर्सेका थिए । येशूले के कुरालाई दर्शाउदै हुनुहुन्थ्यो ? उहाँले मात्र एउटा सिन्द्धान्तलाई भन्दैहुनुहुन्थ्यो, त्यो हो खीष्टियपनको आधारहरु कहिल्यै परिवर्तन हुँदैन र जतिसुकै हामी उत्पादनशिल भएको देखिए तापनि वा संलग्न भएतापनि हामी जीवनभर बग्ने सम्बन्ध, जुन येशूसितको हाम्रो घनिष्ठ सम्बन्धबाट आउँछ, त्यससित वास्तविक जोडिएको छैनौं भने त्यो सम्भव छैन । कुनै पनि सम्बन्धमा पनि यही लागू हुन्छ, त्यो तपाईको विवाह वा नोकरीमा पनि लागू हुन्छ । कुनै कुरा प्राप्त गर्नलाई तपाईंले जे गर्नुभयो साधारणतया त्यसलाई राख्न तपाईले गर्नुपर्ने कुरो हो । आधारभूत कुराहरुमा फर्कनुहोस् र तपाईको पहिलो प्रेमलाई नबिर्सनुहोस् ।

### आजको प्रार्थना

पिता परमेश्वर, मेरो गल्तीहरु र मेरो हृदयको वास्तविक अभिप्रायलाई देखाउनुहोस् । मेरो पहिलो प्रेमलाई नबिर्सनको लागि र म जहाँ छु त्यहाँ पुग्न जे मैले गरे त्यो नबिर्सन मलाई सहायता गर्नुहोस् । जसै म तपाईको राज्यको सेवाको निरन्तरतामा छु जीवन र सम्बन्धको आधारहरुलाई महत्व दिन मलाई सिकाउनुहोस् ।

### आजको बाईबल खण्ड

प्रकाश २:१-५ एफिससका मण्डलीका दूतलाई यो लेख : यी कुरा सातओटा तारा आफ्नो दाहिने हातमा लिने र सातओटा सुनका सामदानका बीचमा हिँड्नेले भन्छ । तिम्रा कामहरु, तिम्रो परिश्रम र सहनशीलता मलाई थाहा छ, र तिमीले खराब मानिसहरुलाई सहन सक्दैनौं तर तिनीहरु जसले प्रेरित हुँ त भन्दछन्, तर वास्तवमा होईनन्, त्यस्तालाई जाँचेर झूटा भेटाएका छौ भनी म जान्दछु । म जान्दछु, तिमीहरुले धैर्यपूर्वक सहन गरेका छौं, र मेरो नाउँको खातिरक कष्ट भोगेका छौं । अनि तिमीहरु थकित भएका छैनौं । तर तिम्रा विरुद्धमा मसित यो कुरा छ, कि तिमीले तिम्रो पहिलो प्रेम त्यागिदिएका छौ । यसकारण कहाँबाट तिमी खसेका छौ, सो सम्झ, र पश्चाताप गर, अनि तिमीहरुले पहिले गरेका काम गर, नत्रता म तिमीकहाँ आएर, तिमीले पश्चाताप गरेनौं भने, तिम्रो सामदान त्यसको ठाउँबाट हटाउनेछु ।

## जबसम्म कोही साँचोरुपमा तोड़िएको हुँदैन तिनीहरुलाई पूर्णरुपमा दिनसकिँदैन

परमेश्वरले घमण्डीलाई मन पराउनुहुन्न तर नम्रलाई अनुग्रह दिनुहुन्छ । विन्रमता परमेश्वरमाथिको स्थिर भरोसा हो । धेरैपटक सुसमाचारका पुस्तकहरुमा, येशूले रोटी लिनुभएको, त्यसलाई आशिष दिनुभएको र त्यसपछि अरुलाई दिनु अघि त्यसलाई भाँच्नुभएको कुरा देख्दछौं । यो सिद्धान्तले हाम्रो जिवनमा परमेश्वरको प्रकियाको बारेमा बताउँदछ । परमेश्वरको मूल्यवान हात जुनले हामीलाई लिनुहुन्छ र उहाँसमक्ष खिँच्नुहुन्छ त्यही हात हो जसले हामीलाई आशिष दिनुहुन्छ । मानिसहरुसित यही कुरा हुन्छ जबसम्म तिनीहरुले परमेश्वरलाई तिनीहरुसित कार्य गर्न दिन्छन् । यद्दपि, पूर्णरुमा दिईएको हुन हामीले त्यही वास्ता गर्नुहुने परमेश्वरलाई हाम्रो जीवनको भित्री अङ्गमा पनि पुग्नलाई दिनुपर्छ । उहाँलाई मानिसको मन भित्र के छ भनी थाहा छ र मानिसले के गर्न सक्दछ छ भनी पनि उहाँलाई थाहा छ । परमेश्वरले तपाईलाई लिन चाहानुहुन्छ र परमेश्वरले तपाईलाई आशिष दिन चाहानुहुन्छ तर उहाँले तपाईलाई तोड्न पनि चाहानुहुन्छ ताकि तपाईलाई दिन सकियोस् । इम्माउस जाने बाटोको दुई मानिसहरुले अरु चेलाहरुलाई यसरी गवाही दिए, “हामले रोटी बाँच्दा मात्र उहाँलाई चिन्यौं ।” जब परमेश्वरले तपाईको घमण्डसित वा जीवनका अरु ठूला पापहरुसित व्यवहार गर्न थाल्नुहुन्छ तपाई नहराउनुहोस् । उहाँले तपाई दिन मात्र चाहानुहुन्छ ।

### आजको प्रार्थना

प्रिय प्रभु, मप्रति अनुग्रहकारी हुनुहोस् र म केही होइन तर धुलो मात्र हुँ भनी याद गर्नुहोस् । तपाईको रिसमा मलाई सजाय नदिनुहोस् र मेरो जीवनलाई लिनुहोस्, यसलाई आशिष दिनुहोस् तपाई कोमल हातले मेरो जीवनलाई तोड्नुहोस् र जहाँ तपाई इच्छा गर्नुहुन्छ त्यहाँ लैजानुहोस्, ताकि मलाई येशूको नाउँमा चाहिएको कुरा मलाई दिनुहोस् । आमेन ।

### आजको बाईबल खण्ड

यूहन्ना २:२५ किनकि मानिस के हो भनी उहाँ जान्नुहुन्थ्यो । उहाँलाई मानिसको विषयमा कसैले सिकाउनु आवश्यक थिएन, किनकि मानिसको हृदयमा के हुन्छ, सो उहाँ स्वयम् जान्नुहुन्थ्यो ।

लूका २४:३५ तिनीहरुले बाटोमा भएका कुराहरु र रोटी भाँच्दाखेरि कसरी तिनीहरुले उहाँलाई चिने, सो बताईदिए ।

मत्ति २६:२६ तिनीहरुले भोज खाइरहेको बेला येशूले रोटी लिनुभयो र आशीवार्द दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरुलाई दिनुभयो र भन्नुभयो,“ लेओ, खाओ, यो मेरो शरीर हो ।”

याकूब ४:६ तर उहाँले अझ बढी अनुग्रह दिनुहुन्छ ? यसैकारण पवित्र-धर्मशास्त्रले यसो भन्दछ, “परमेश्वरले अभिमानीहरुको विरोध गर्नुहुन्छ, तर नम्रहरुलाई अनुग्रह गर्नुहुन्छ ।”

# खराब छ भने पनि अझै सकिएको छैन

के तपाई मानव दृष्टिकोणबाट मात्र कल्पना गर्नसक्नुहुन्छ, कि येशूले गर्दै नगर्नुभएको अपराधको निम्ति उहाँलाई क्रुसमा दण्ड दिईयो, कस्तो नराम्रो यो देखियो होला ? वास्तवमा, जसै उहाँ क्रुमा टाँगिनुभयो उहाँले भजन संग्रह २२लाई उद्धरण गर्नुभयो, “हे परमेश्वर, हे परमेश्वर, मलाई तपाईले किन त्याग्नुभयो ?” याकूब यूसूफ, पावल, पत्रुस, मेरी र बाईबलका अरु असंख्य सन्तहरुले पनि धेरै अवस्थाहरुमा यस्तै अनुभव गरेका थिए ।

यादराख्नुहोस्, विश्वास भनेको हामी जहाँ भएतापनि, जीवनमा जे कुराको सामना गर्नुपरेतापनि भरोसा राख्नु हो । परमेश्वरको पूर्ण नियन्त्रण छ । सहासिलो हुनुहोस् र बाईबलमा प्रकट गरिएको सन्तहरुको कथाहरुबाट आजै विश्वासलाई बनाउनुहोस् र यो थाहा गर्नुहोस् कि खराब छ भने पनि अझै सकिएको छैन !

## आजको प्रार्थना

परमेश्वर, आजै यो याद राख्न मलाई सहायता गर्नुहोस् कि तपाईको लागि केही पनि अति कठिन छैन । मलाई थाहा छ कि मेरो जीवन र मेरो समयहरु तपाईको हातमा छ र असल आउन अझै बाँकी नै छ !

## आजको बाईबल खण्ड

रोमी ८:२८ हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरु र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाई नै गर्नुहुन्छ ।

यूहन्ना १६:३३ मैले तिमीहरुलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरुलाई शान्ति होस् । संसारमा तिमीहरुलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु ।

# परमेश्वर गन्तव्यको शर्तमा बोल्नुहुन्छ

जब परमेश्वरले मोशालाई उहाँको सन्तानलाई मिश्रमा फारोको दासत्वबाट छुट्कारा दिनलाई भन्नुभयो, उहाँले स्वर्गबाटको सन्देशका साथ मोशालाई पठाउनुभयो । परमेश्वरको लागि मोशाले इस्राएलीहरुलाई भनेको सन्देश प्रत्यक्ष थियो : " म तिमीहरुलाई मिश्रबाट छुट्कारा दिनेछु र दुध र मह बग्ने प्रतिज्ञाको देशमा तिनीहरुलाई लग्नेछु ।" जब परमेश्वरले अगमवक्ता शमूएललाई सानो दाऊदलाई इस्राएलका राजा हुन अभिषेक गर्नका निम्ति पठाउनुभयो, उहाँले अगमवक्तद्वारा दाऊदको महान दिन, जुन परमेश्वरको मानिसलाई शासन गर्नु हो ,त्यो भन्नुभयो । जब येशूले आफ्ना पहिलो चेलाहरुलाई गालील समुद्रको तट्मा भेट्नुभयो उहाँले तिनीहरुलाई यसो भनेर पुकार्नुभयो, "आओ, मेरो पछि लाग् र म तिमीहरुलाई मानिसहरुको मछुवा बनाउनेछु ।"

गन्तव्य प्राप्त गर्न लाग्ने लामो, कडा र मूल्यवान संकेत बिना यी परमेश्वरबाटको सबै शब्दहरुले मानिसको गन्तव्यको शर्तमा भनेको छ । परमेश्वरले गन्तव्यको शर्तमा हामीसिन बोल्नुहुन्छ तब हामीसित त्यस गन्तव्यको हाम्रो यात्रामा हामीसित हिँड्नुहुन्छ । जीवन यात्रा हो..र परमेश्वरसित यात्रा तपाईको साथी हो ।

## आजको प्रार्थना

परमेश्वर, मेरो जीवनको लागि तपाईको इच्छालाई ग्रहण गर्ने बुद्धि दिनुहोस् र त्यस इच्छामा तपाईको मार्ग हिँड्न मलाई सामर्थ्य दिनुहोस् । आमेन ।

## आजको बाईबल खण्ड

गलाती ६:९ भलाई गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठी समयमा हामी कटनी गर्नेछौं ।

गन्ती २१:४ तिनीहरु एदोम देशलाई फेरो मारेर जान भनी होर पर्वतबाट लाल समुद्रको बाटो भएर गए । तर यात्राको कारण मानिसहरु साह्रै अधीर बने ।

मत्ति ४:१९ उहाँले तिनीहरुलाई भन्नुभयो,"मेरो पछि लाग, र म तिमीहरुलाई मानिसका मछुवा तुल्याउनेछु ।"

## तपाईको महान दिन तबसम्म आउँदैन जबसम्म तपाईको ठूलो परिक्षालाई तपाईले पार गर्नुहुन्न

कुनै कुराको जन्मजस्तै, मानिसबाट, जनावरबाट र बनस्पतिबाट पनि, जीवन संघर्षबाट सुरु हुन्छ । प्रति दिन, प्रति वर्ष, जीवन निरन्तर बलियो हुन्छ जसै हामी बलहरु जुनले हाम्रो वृद्धिलाई रोक्दछ र हामीलाई पछाडि नै राखिराख्ने प्रायास गर्दछ, त्यसलाई धकेल्दछौं । संघर्ष जीवनको निरन्तरताको एउटा भाग हो किनकि हामी संघर्षमा नै बलियो हुन्छनौं । याकूब स्वर्गदूतसित लडें, दाऊदले उनको पापसित भने, मोशाले उनको बोलावटसित, पत्रुसले उनको डरसित, पावलले उनको विगतसित र येशूले उहाँको गन्तव्यसित संघर्ष गरे । प्रत्येक संघर्षसित मानिसहरु र स्त्रीहरु जो विजयी हुन्छन् र त्यस अवस्थामाथि जय प्राप्त गर्छन् ती व्यक्ति नै हुन् जो त्यस अवस्थामाथि विजय प्राप्त गर्न अघि बढे । जब तपाईले तपाईको परिक्षा गर्छ तपाई निराश नहुनुहोस् र यादराख्नुहोस् कि असफलता पराजय होईन । धर्मात्मा सातै चोटी लडेतापनि उनी खड़ा हुनेछन् । विश्वास असल लड्न्त लड्नुहोस् । युद्धमा आफै बलियो बनाउनुहोस् र याद राख्नुहोस् कि तपाईको महान दिन अझै आएको छैन जबसम्म तपाईको ठूलो परिक्षालाई तपाईले पार गर्नुहुन्न

### आजको प्रार्थना

पिता, तपाईको वचनले भन्दछ कि यदि म सतावटको दिनमा लडे भने मेरो बल सानो छ । म प्रार्थना गर्दछु कि मलाई प्रयोग गर्नुहोस्, तन्काउनुहोस् र न त कठिन न सजिलो तर अर्थपूर्ण जीवनको परिक्षा मलाई दिनुहोस् साथै सो मेरो उमेर र जीवनको अवस्थासित संगत होस् र म त्यसद्वारा वृद्धि हुन सकूँ । मलाई तपाईको मार्ग सिकाउनुहोस् ।

### आजको बाईबल खण्ड

हितोपदेश २४:१६ किनभने धर्मी मानिस सातै पटक लोटच्यो भने पनि फेरि उठ्छ तर दुष्टहरु विपत्तिले ढालिजान्छन् ।

१ तिमोथी ६:१२ विश्वासको उत्तम लडाइँ लड़ । अनन्त जीवन पक्रिराख । यसैम तिमीहरुलाई बोलावट भएको थियो, जब तिमीले धेरै साक्षीहरुका उपस्थितीमा तिम्रो विश्वासको असल साक्षी दिएका थियौं ।

१ कोरिन्थी १०:१३ मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरु अरु परीक्षामा परेका छैनौ । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । उहाँले तिमीहरुलाई तिमीहरुका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछनै, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाईदिनुहुनेछ – यसरी तिमीहरु त्यसलाई खप्त सक्नेछौ ।

२ कोरिन्थी ४:१७ किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनिय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ ।